"कृषि पर्यटन हरियाली बन ,समृद्ध मोलुङको खुसियाली मन"

# मोलुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

प्राप्चा,ओखलढुंगा

स्था:२०७३

प.सं. : ०७७/७८

सुचना.नं: ०१

१ नं. (प्रदेश), नेपाल

मिति : २०७७।०४।०८

## न्युनतम रोजगारीमा संलग्न हुनको लागी निवेदन पेश गर्ने सम्वन्धि सूचना !

रोजगारीको हक सम्वन्धि ऐन २०७५ को दफा ११, रोजगारीको हक सम्वन्धि नियमावलि २०७५ को नियम ७, प्रधानमन्त्रि रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा १८ तथा नेपाल सरकार (मन्त्रिपरिपद्)को तत्कालिन राहत सम्वन्धि मिति २०७७।०१।१४को निर्णय समेतको आधारमा चालु आर्थिक वर्ष २०७७।०७८ मा यस मोलुङ गाउँपालिका अन्तर्गत संचालनमा रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन सम्मको न्युनतम रोजगारीमा संलग्न भै सार्वजनिक विकास निर्माणमा योगदान गर्न इच्छुक वेरोजगार व्यात्तिहरुले २०७७ श्रावण ८ गते देखि २०७७ भाद्र ७ गते सम्ममा आफु स्थायी बसोवास गरेको वडाको सम्वन्धित वडा कार्यालयमा गई आवश्यक कागजात सहित निवेदन दिनु हुन यो सुचना प्रकाशन गरिएको छ । वेरोजगार दर्ताको लागी तपशिल बमोजिमको प्रक्रिया सहित निवेदन सम्वन्धित वडा कार्यालयमा पेश गर्नु हुन अनुरोध छ ।

<u>निवेदन दिनको लागी आवश्यक कागजातहरु:-</u>

१. बेरोजगार दर्ताको लागी दिने निवेदन( सम्वन्धित वडा कार्यालयमा उपलब्ध हुनेछ ।)

२. निवेदन दिने व्यक्तिको नागरिकता प्रमाण पत्र -एक प्रति

३. निवेदन दिने ब्यात्तिको हाल सालै खिचेको पासपोर्ट साइजको फोटो -एक प्रति

४. निवेदन दिने ब्यात्तिको एकाघर परिवार सदस्यहरुको नागरिकता प्रमाण पत्रको प्रतिलिपि -एक/एक प्रति

५. निवेदन दिने व्यात्तिले कुनै शिपमुलक तालिम लिएको भए उक्त तालिमको प्रमाण पत्रको प्रतिलिपि -एक प्रति

६. निवेदन दिने व्यक्ति वा परिवारमा अपाङ्गता भएका सदस्य भएमा अपाङ्ग परिचय पत्रको प्रतिलिपि -एक प्रति

७. निवेदन बैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्विकृति लिई रोजगारीमा रोजगारीमा जान नपाएको भएमा उक्त ब्यहोरा खुल्ने कागजातको प्रतिलिपि ।

(नोट:-निवेदन दिने ब्यात्तिले फारममा उल्लेखित विवरणहरु पुर्ण रुपमा नभरेमा वा तोकिएको कागजातहरु पेश नगरेमा उक्त निवेदनहरु रद्द हुने यसै सूचना मार्फत जानकारी गराईन्छ ।)

............................

सन्तोष गौतम

नि.प्रमुख प्रशासकिय अधिकृत

Phone:9852840501,Website:www . molungmun.gov.np,Email: info@molungmun.gov.np , molungrm@gmail.com

Scanned with CamScanner

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(प्रधानमन्त्री रोजगार कार्यक्रम)

सिंहदरवार, काठमाण्डौ, नेपाल
फोन नं. ०१-४२००४७७
फ्याक्स नं. ०१-४२११८७७
Email : info.pmep.np@gmail.com
Website: pmep.gov.np

प.सं. २०७६/७७
च.नं./PMEP/ ९७५

मितिः२०७७/०३/३०

श्री गाउँपालिका तथा नगरपालिका, सबै ।
मार्फतः- श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार

विषयः रोजगार सेवा केन्द्रमा बेरोजगार व्यक्ति सूचिकरण सम्बन्धमा ।

उपरोक्त सम्वन्धमा रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७, प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ तथा नेपाल सरकार (मन्त्रिपरिषद) को तत्कालीन राहत सम्बन्धी मिति २०७७/०१/१४ को निर्णय समेतको आधारमा रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान हुने १०० दिनको न्यूनतम रोजगारीमा संलग्न हुन चाहने बेरोजगार नेपाली नागरिकले स्थानीय तहको रोजगार सेवा केन्द्रमा सूचिकरण हुने समय सीमाको सम्वन्धमा नेपाल सरकार (मा. मन्त्रीस्तरको) मिति २०७७।३।३० मा भएको तपशिल बमोजिमको निर्णय कार्यान्वयनका लागि पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

तपशिलः

(क) आ.व.२०७७।७८ को लागि रोजगार सेवा केन्द्रमा न्यूनतम रोजगारीमा संलग्न हुन चाहने बेरोजगार व्यक्तिले निवेदन दिन सक्ने समयावधि २०७७ श्रावण ८ गते देखी २०७७ भाद्र ७ सम्म कायम गरीएको छ । भाद्र मसान्तसम्म सबै स्थानीय तहहरुले बेरोजगार व्यक्ति सुचिकरणका सम्पूर्ण प्रकृया पुरा गरी रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा प्रविष्ट गर्ने ।

(ख) न्यूनतम रोजगारीमा संलग्न हुन चाहने बेरोजगार व्यक्तिले बेरोजगारको सूचिमा दर्ता हुनको लागि दिने निवेदन (प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को अनुसूची १ संशोधित बमोजिम) यसै साथ संलग्न बमोजिम ढाँचा प्रयोग गर्ने । (संशोधित अनुसूची १ www.pmep.gov.np मा उपलब्ध छ।)

(ग) आ.व.२०७७।७८ को लागि न्यूनतम रोजगारीमा संलग्न हुन चाहने बेरोजगार व्यक्तिले २०७६ चैत्र १० गतेसम्म (बन्दाबन्दी सुरु हुनु भन्दा अगाडी) नियमानुसार रोजगार सेवा केन्द्रमा निवेदन दिएका व्यक्तिले पुनः निवेदन दिईरहनु नपर्ने । सोहि निवेदन बमोजिम स्थानीय तहले नियमानुसार सूचिकरणको प्रकृया अगाडी बढाउने ।

(कृष्ण पौडेल)
शाखा अधिकृत

बोधार्थः
श्री प्रदेश सामाजिक विकास मन्त्रालय,
श्री रोजगार संयोजक, सबै ।

Scanned with CamScanner